# गरुडा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गरुडा,रौतहट
मधेश प्रदेश,नेपाल

**करारमा कर्मचारी पदपुर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना**
**( प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०८।२३ )**

गरुडा नगरपालिका कार्यालय अन्तर्गत विभिन्न पदमा योग्य जनशक्ति व्यवस्थापन गर्नु पर्ने भएकोले देहाय बमोजिमको पदमा काम गर्न ईच्छुक योग्य नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा गरुडा नगरपालिकाको **एन.आई.सि.एसिया बैंकमा रहेको आन्तरिक राजश्व खाता २४१२०५०५२५९१८००८** मा राजश्व तिरेको सक्कल बैंक भौचर सहित प्रशासन शाखामा दरखास्त दिनु हुन सम्बन्धित सवैको जानकरीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सूचनाको म्याद समाप्त भए पश्चात दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र दरखास्त दिन सकिनेछ। आवेदन भर्ने अन्तिम दिन विदा परेमा सो को भोलि पल्ट पेश गर्नु पर्ने छ।

देहाय :

| सि.नं | विज्ञापन नं. | पद | श्रेणी | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०३/०८२/०८३ | मनोसमाजिक परामर्शकर्ता | सहायक स्तर पाँचौं | १ (एक) | १०००/- |
| २ | ०४/०८२/०८३ | बित्तिय साक्षरता सहजकर्ता | सहायक स्तर पाँचौं | १ (एक) | १०००/- |
| ३ | ०५/०८२/०८३ | स.कम्पयुटर अपरेटर | सहायक स्तर चौथौं | ४ (चार) | ७००/- |

नोटः-

विज्ञापन नं.३/०८२/०८३ को लागि न्यूनतम योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसल वर्कमा स्नातक तह, वि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएटेड डिप्लोमा इन काउन्सेलिङ्ग उतीर्ण गरेको । राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले स्वीकृत गरेको मनोसामाजिक परामर्श सम्बन्धी तालिम मोड्युल २०७७ जारी हुनु पूर्व तालिम प्राप्त गरेका उम्मेदवारको सन्दर्भमा कम्तीमा पनि प्रमाण पत्र तह वा १०+२ वा सो सरह उतीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो तालिम केन्द्रवाट प्रमाण पत्र प्राप्त गरेको मनोसामाजिक परामर्श सम्बन्धी अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ।

विज्ञापन नं.४/०८२/०८३ को लागि न्यूनतम योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा १०+२ वा सो सरह उतीर्ण गरी २ वर्ष वितीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी अनुभवी तथा बैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ।

उमेरको हद :- दरखास्त दिने मिति सम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको। (विज्ञापन नं.३/०८२/०८३ र ४/०८२/०८३ को लागि )

विज्ञापन नं.५/०८२/०८३ को लागि न्यूनतम योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थावाट कम्प्युटर विषय लिई टि.एस.एल.सी.वा सो सरह वा रजिष्टर्ड संस्थावाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको।

उमेरको हद :- दरखास्त दिने मिति सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।महिलाको हकमा १८ वर्ष पूरा भई ४० ननाघेको।

परीक्षाको किसिम :- प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा, कम्प्युटर सीप परीक्षा तथा अन्तरवार्ता। (विज्ञापन नं.३/०८२/०८३ , ४/०८२/०८३ र ५/०८२/०८३ को लागि )

- आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु :-
  १.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।
  २.योग्यताको मार्कसिटको प्रतिलिपी।
  ३.चारित्रिक प्रमाण पत्रको प्रतिलिपी।
  ४.हालसालै खिचेको दुवै कान देखिने फोटो ३ प्रति।
  ५.अनुभव भए सो को प्रमाण पत्रको प्रतिलिपी।
  ६.विज्ञापन वमोजिमको शुल्क तिरेको नगदी रसिद।
- पारिश्रमिक तथा सेवा सुविधा नगर सभा तथा नगरकार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।
- सम्पर्क मिति पछि तोकिने छ।

नीलम कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner